INSEC Documentation

# माओवादीलाई अन्तर्राष्ट्रिय अदालतको डर

नेपाल समाचारपत्र दैनिक २०६६ मंसिर १९ गते पेज नं १ Dec 4, 2009.

लेखनाथ अधिकारी

काठमाडौं

विगत एक दशक लामो 'जनयुद्ध' लाई 'गौरवपूर्ण' भन्दै आएको एनेकपा (माओवादी) लाई भित्रभित्रै भने आफ्नो दलद्वारा विगतमा भएका घटनाप्रति डर भएको पाइएको छ।

'लो प्रोफाइल'मा रहेर नेपाल भ्रमण गरिरहेका अन्तर्राष्ट्रिय फौजदारी अदालतका अध्यक्ष साङ-ह्युन सङसँग




विहीवार भएको भेटमा माओवादी अध्यक्ष प्रचण्डले भन्नुभएको छ- 'मलाई अझै शंका छ, कतै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान नेपालले अनुमोदन गर्दा हामीलाई त अप्ठेरो पर्दैन?'

माओवादी अध्यक्ष प्रचण्डसँग भेटेपछि *नेपाल समाचारपत्र*सँग अन्तर्राष्ट्रिय अदालतका अध्यक्ष सङले भन्नुभयो- 'उहाँलाई अझै शंका रहेछ, मैले प्रस्ट ढंगले भनें कि भूतप्रभावी घटनालाई लिएर अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्दैन, म अध्यक्ष स्वयंमले भनेपछि ढुक्क हुनुहोस्।'

आफूले त्यति भनेपछि मात्रै माओवादी अध्यक्ष प्रचण्डले त्यसो भए आफ्नै पार्टीका नेता र मुलुकका अन्य दलका नेताहरूसँग समेत कुरा गरेर निर्णय गर्ने जानकारी दिनुभएको अध्यक्ष सङले बताउनुभयो।

माओवादी युद्धका क्रममा थुप्रै अमानवीय घटनासमेत भएकाले सो पार्टी अन्तर्राष्ट्रिय अदालतप्रति त्रसित देखिएको बिहीबारको भेटघाटले प्रस्ट्याएको छ।

कुनै चर्चामा नआई नेपालको चारदिने भ्रमण पूरा गरेर आज शुक्रबार अन्तर्राष्ट्रिय अदालतको मुख्यालय रहेको नेदरल्यान्डसको हेगतर्फ प्रस्थान गर्न लाग्नुभएका अध्यक्ष सङले अस्ति बुधबार उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री सुजाता कोइरालासँग भेटेर पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न आग्रह गर्नुभएको थियो।

सो अवसरमा कोइरालाले नेपाल अहिले संवेदनशील अवस्थामा रहेको र संविधान बनाउन जुटेकाले त्यसतर्फ ध्यान दिन नसकेको बताउनुभएको थियो।

(क्रमशः पृष्ठ ५ मा)

https://mail.pgaction.org/exchange/PBarcroft/Inbox/FW:%20News%20about%20ICC%2... 12/14/2009

# माओवादीलाई अन्तर्राष्ट्रिय....

अध्यक्ष साङले भन्नुभयो- 'समस्या त सधैं हुन्छन्। तर अहिले नै नेपालले यो विधान अनुमोदन गर्‍यो भने त्यसलाई अन्तर्राष्ट्रिय जगत्ले सकारात्मक रूपमा लिनेछ।'

नेपालमा अहिले अन्तर्राष्ट्रिय अदालतमा नै लग्नुपर्ने घटना कुनै देख्नुभएको छ कि भन्ने जिज्ञासामा अध्यक्ष साङले विधान अनुमोदनअघिका घटनाले त्यहाँ प्रवेश नपाउने बताउनुभयो। 'त्यहाँ विगतमा भएका घटनाको छानबिन त यहीँबाट गर्ने कुरा हो' उहाँको भनाइ थियो।

१ जुलाई २००१ मा नेदरल्यान्डस्को हेगमा स्थापना भएको अन्तर्राष्ट्रिय अदालतले विशेष गरी नरसंहार, युद्ध अपराध र मानवताविरुद्धको अपराधमा संलग्न कुनै पनि व्यक्तिलाई न्यायिक कठघरामा उभ्याउन सक्दछ। हाल सो अदालतले युगान्डा, कंगो र सुडानमा भएका मानवताविरोधी अपराधको छानबिन गरिरहेको छ।

तर, नेपालमा भने विगतका गल्तीका कारणसमेत फसिने हो कि भन्ने मान्यता धेरैले राखेको पाइएको छ। तर, अध्यक्ष साङले दोहोर्‍याएर भन्नुभयो- 'विगतका घटना पर्दैन। आगामी दिनमा त्यस खाले गल्ती नगर्ने प्रतिबद्धताका लागि पनि यसको अनुमोदन गर्नु उपयुक्त हुन्छ।'

नेपालमा २०६३ साउन १ गतेको प्रतिनिधिसभाको बैठकले सर्वसम्मत रूपमा सरकारलाई रोम विधान अनुमोदन गर्न आदेश दिएको थियो। त्यसपछि तत्कालीन सरकारले २०६३ कात्तिक १ गते गठित कार्यदलले कात्तिक २८ गते तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओलीलाई प्रतिवेदन बुझाएको थियो भने २०६५ माघ २१ गते तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले रोम विधान अनुमोदनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लग्नुभएकोमा त्यसबारेमा थप छलफल गर्न आवश्यक भन्दै मन्त्रिपरिषद्ले फिर्ता गरेको थियो।

अहिले त्यसैलाई अनुमोदनका लागि दबाब दिन अन्तर्राष्ट्रिय अदालतका अध्यक्ष साङको नेपाल आएर भेटघाटमा व्यस्त हुनुलाई अर्थपूर्ण मानिएको छ। रोम विधान अनुमोदन गरेर नेपाल पक्ष राष्ट्र भएपछि मात्रै यहाँका घटनाले त्यस अदालतमा प्रवेश पाउन सक्ने छ। हालसम्म सो विधान विश्वका १ सय १० राष्ट्रले अनुमोदन गरिसकेको छ।

https://mail.pgaction.org/exchange/PBarcroft/Inbox/FW:%20News%20about%20ICC%2... 12/14/2009